स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काको फिल्म 'लाइनअप' आउँदो वर्ष रोचक हुने देखिएको छ । 'प्रेमगीत' फेम्ड अभिनेताले लगातार आफू आबद्ध फिल्मको घोषणा गरिरहेका छन् । उनले नयाँ फिल्म 'एक्टर'को घोषणा गरे । यो फिल्मको टिजर पोस्टरअनुसार यसलाई राजन भुषालले निर्देशन गर्नेछन् । अर्धुत फिल्मस्को ब्यानरमा प्रोजेक्ट निर्माण हुन लागेको हो । यो फिल्मबारे विस्तृत उल्लेख नभएपनि यसलाई बदलाको कथामा आधारित 'रिभेन्ज थ्रीलर' भनिएको छ । फिल्मको प्रदर्शन २०२५ मा हुने उल्लेख छ ।

आजको विचार...



विष्णुप्रसाद खनाल

मिसन...
(दुई पेजमा)



मिस नेपाल वर्ल्ड २०२२ प्रियंकारानी जोशीले आफ्नो पहलमा चितवनको दुर्गम इच्छाकामना गाउँपालिकास्थित उपरदाङगढीमा सामुदायिक भवन निर्माण गरेर समुदायलाई हस्तान्तरण गरेकी छिन् । आगामी विश्व सुन्दरी प्रतियोगिता मिस वर्ल्डको महत्वपूर्ण विधा ब्यूटी विथ पर्पसका लागि जोशीले सहयोगी हात अघि बढाएकी हुन् । उक्त विधाका लागि प्रियंकाले उक्त गाउँलाई छनोट गरेकी हुन् । यहाँ उनले विद्यालयको मर्मत र स्थानीयलाई उद्यमशिलताका सीप पनि बाँडेकी छन् । आयोजित जमघटमा प्रियंका र गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले भवनको उद्घाटन गरे ।

❒ वर्ष २९ ❒ अंक १३३ ❒ २०८० मंसिर २५ गते सोमबार 11 December 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# 'श्रीनगर सांस्कृतिक डबली' तानसेन नगर सरकारलाई हस्तान्तरण

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर २४/ लुम्बिनी प्रदेश सरकारको लगानीमा तानसेनको कैलाशनगरमा निर्माणधिन 'श्रीनगर सांस्कृतिक डबली' तानसेन नगर सरकारलाई हस्तान्तरण गरिएको छ । आइतबार एक औपचारिक कार्यक्रमका बिच प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले उक्त डबलीको साँचो नगर सरकारका प्रमुख सन्तोषलाल श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् ।

साँचो हस्तान्तरण गर्दै मुख्यमन्त्री चौधरीले तानसेनको कलासंस्कृति र पर्यटनको संरक्षण, प्रवर्द्धन गर्न स्थानीय सरकारलाई डबली हस्तान्तरण गरेको बताए । उनले तानसेन आफैमा पर्यटकीयस्थल रहेकाले त्यसको विकास र विस्तारका लागि डबली महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । नगर प्रमुख सन्तोषलाल श्रेष्ठले प्रदेश सरकारले दिएको जिम्मेवारीलाई स्थानीय सरकारले प्रथामिकताका साथ अगाडि बढाउने बताए । प्रदेश सरकारका सभामुख तुलराम घर्ती



(बसन्त)ले डबलीको उचित किसिमले प्रयोग गरी यहाँका कला संस्कृति र पर्यटनको विकास गर्न स्थानीय सरकारलाई आग्रह गरे । कार्यक्रममा संविधान सभा सदस्य नारायणी शर्मा, लुम्बिनी प्रदेश सांसद एवं पूर्व मन्त्री वीरबहादुर राना, प्रदेश सांसद खेमबहादुर सारु लगायतले ठूलो लगानीमा संरचनाहरु निर्माण भएकाले सोही अनुसार त्यसको संरक्षण गरी आयआर्जन सँग जोड्नुपर्नेमा जोड दिए । प्रदेश खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद भण्डारीले रेखदेखको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई दिए पनि प्रदेश सरकारबाट आवश्यक सहयोग रहने बताए । पर्यटन डिभिजन कार्यालय रुपन्देहीकी प्रमुख गीता आचार्यले २०७६ असार ८ गते सुरु भई २०७९ असार ८ मा सम्पन्न गर्ने गरी काम भएकोमा बिचमा केही ढिलाई भएको बताईन् । उनले डबली निर्माणका लागि ६ करोड ८२ लाख ५६ हजार खर्च भइसकेको जानकारी गराईन् । यहाँका विभिन्न जातजाति, समुदायका कला र संस्कृति प्रदर्शन गर्नुको साथै पर्यटकीय क्षेत्रको विकास गर्ने उद्देश्यले यहाँ डबलीको निर्माण गरिएको हो । वर्षौंदेखि अलपत्र डबली सम्पन्न गर्न भन्दै प्रदेश सरकारले पटक-पटकसम्म म्याद थप गरे पनि अझै पूर्णता भने पाएको छैन् । स्थानीय सरकारलाई हस्तान्तरण पछि डबली निर्माणले पूर्णता पाउनेमा भने धेरैले आशा गरेका छन् । समयमै डबली सम्पन्न नहुँदा स्थानीय निराश हुँदै आएका थिए । निर्माण कम्पनीको चरम लापरवाहीले डवली अलपत्र बन्दा समेत प्रदेश सरकारले प्रभावकारी 'एक्सन' लिन सकेको थिएन । लुम्बिनी प्रदेश सरकारका तत्कालिन मुख्यमन्त्री शंकर पोखरेलले डबलीको शिलान्यास गरेका थिए । डबलीको स्वामित्व लिनका लागि नगर सरकारले पटक-पटक प्रयास गरे पनि त्यो सफल हुन सकेको थिएन । अहिले आएर मुख्यमन्त्री चौधरीले स्थानीय सरकारलाई हस्तान्तरण गर्न सफल भएका छन् । डबलीमा स्टेज, हरियो दुवो सहितको दर्शक कक्ष, कलाकारहरुको चेन्जिङ्ग रुम, कोलसेट, शौचालय, गार्ड हाउस, टिकट काउन्टर, अफिस कोठा र पार्किङ सहितको सुविधा रहेको छ । यहाँ ५ सय जना अट्ने क्षमता रहेको छ । बडबली हस्तान्तरण कार्यक्रम नगर प्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षता, उपप्रमुख प्रतिक्षा सिंजालीको स्वागत, प्रवक्ता यादवसिं कार्कीको सञ्चालनमा भएको थियो ।

## सक्षिप्त समाचार

### भरुवा बन्दुक पड्केर एक पुरुषको मृत्यु

**पाल्पा,** मंसिर २४/जिल्लाको निस्दी गाउँपालिका-४ मित्याल गाङसिङ्डाँडामा दुम्सी मार्न जाँदा आफैले बोकेको भरुवा बन्दुक पड्केर एक जना पुरुषको मृत्यु भएको छ । गाङसिंङडाँडाका ४८ वर्षीय डम्बरबहादुर सारुको आफैले बोकेको बन्दुक पड्केर मृत्यु भएको हो ।

शनिबार साँझ घर नजिकै बारीमा भरुवा बन्दुक बोकी फापर खान आएको दुम्सी मार्न जाने क्रममा चिप्लिएर उनी लडेका थिए । अचानक चिप्लिएर लडी भरुवा बन्दुक पड्कन गई छर्राले साप्राको पछाडी पट्टि लाग्न गई सारु गम्भीर घाईते भएका थिए । घाइते भएका उनको उपचारका लागि रामपुर अस्पताल पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

घटना लगत्तै इलाका प्रहरी कार्यालय रामपुर र प्रहरी चौकी रुक्सेभञ्ज्याङबाट खटिएको प्रहरी टोलीले सोही ठाउँको सपाङ्दीगैरास्थित खरबारीको अम्रिसो घारीमा १ नाले भरुवा बन्दुक र १ वटा भिर्ने झोला समेत फेला पारेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरी जनाएको छ ।

जथाभावी फोहोर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड

# छाला नहुँदा मादल बनाउने पेशा संकटमा

**वालिङ (स्याङ्जा),** मंसिर २४/ मादल बनाउनका लागि अत्यावश्यक पर्ने छालाको अभाव हुँदै जाँदा पेसा नै संकटमा पर्न थालेको छ । मादल लगायत बाजा बनाउन आवश्यक पर्ने विशेषगरी गोरुको छाला नपाइँदा पेसा नै संकटमा पर्दै गएको मादल व्यवसायी विकास गन्धर्व बताउँछन् ।

स्याङ्जाको पुतलीबजार नगरपालिका-१ कारागार चोकमा मादल बनाउँदै आएका उनले मादल लगायत बाजा बनाउन माग भएपनि छालाको अभावले माग अनुसारको मादल बनाउन नसकिएको बताए । 'हामीले यहीं नै पूर्खौंदेखि मादल बनाउने पेसा अङ्गाल्दै आएका हौं पहिला छालाको अभाव थिएन तर आजभोलि गाई-गोरुको छाला पाइदैन, त्यसैले भनेजस्तो बाजा बनाउन सकेका छैनौं,' उनले भने, 'गाई-गोरुको छालाबाट बनाइएको मादल राम्रो हुनाका साथै बाजाको आवाज पनि फरक खालको हुन्छ



हामीले बाजा बनाउन गाई-गोरु मार्न खोजेका होइनौं, कानुन विपरीतको काम गर्दै गर्देनौं तर अचेल मरेको गाई तथा गोरुको छाला तर्न पनि पाएका छैनौं ।'

गाई-गोरुको छाला पाउन छाडेसँगै विकल्पका रुपमा उँट तथा बाख्राको छाला प्रयोग गरे पनि त्यो राम्रो नहुने र उँटको छाला पनि बाहिरबाट प्रशोधन गरेर ल्याउँदा महँगो पर्नाका साथै उक्त छालाबाट बनाइएको बाजाको आवाज राम्रो नआउने विकासले बताए । त्रिपन्न वर्षीय पदम गन्धर्वले आफ्ना हजुर बुवा तथा बुवाहरुबाट सिकेको सीप अहिले आफ्ना छोरालाई हस्तान्तरण गरेका छन् । आफूले जानेको सीप छोरालाई सिकाइएकाले अहिले छोराहरुले सबै प्रकारका मादल ब्यावसायिक रुपमै उत्पादन गर्दै आइरहेको उनले उल्लेख गरे ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मानव अधिकारको प्रत्याभूति देऊ

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लागु भएको ७५ औं वर्ष पुगेको छ । सो अवसरमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस आइतबार विभिन्न कार्यक्रम गरी मनाइएको छ । हरेक वर्षको डिसेम्बर १० मा यो दिवस मनाउने गरिन्छ । यो वर्ष घोषणापत्रको 'हिरक जयन्ती' पनि हो । यसको अन्तर्राष्ट्रिय प्रकरण– 'भविष्यमा मानव अधिकार संस्कृतिलाई एकीकृत र दिगो बनाउँ' रहेको छ । मानव अधिकार राष्ट्रिय महाभेलाको नारा भने 'प्राकृतिक प्रकोप तथा विपद्बाट प्रभावितका मानव अधिकार सुनिश्चितता : आजको आवश्यकता' राखिएको छ । मानिस भएर जन्मेको कारणले विश्वका जुनसुकै मानिसलाई पनि स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । यस अन्तर्गत त्यस्ता अधिकारहरु पर्दछन् जुन अधिकारहरु विश्वभरीका सबै मानिसहरुमा जाति, भाषा, धर्म, रंग, लिंग, राष्ट्रियता, उत्पति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभाव बिना निहित रहन्छ र यिनीहरुको सिर्जना अन्तर्राष्ट्रिय कानुनद्वारा हुन्छ । मानव अधिकारलाई नैसर्ङ्गिक एवं मौलिक अधिकारका रूपमा विश्वभरि स्वीकार गरिनुका साथै मानवीय मूल्य र मान्यतालाई हरेक सभ्य समाजले स्वीकार गरेको छ । विश्वमा ठूलठूला क्रान्ति र घटनासहित परिवर्तन आएको दावा गरिए पनि मानव अधिकारका क्षेत्रमा भने खासै परिवर्तन आएको देखिदैन । यो अत्यन्तै दुःखको कुरा हो ।

मानव अधिकारको चर्चा भइरहँदा यतिबेला रसिया–युक्रेन र इजरायल–हमासका युद्धले विश्वलाई तरङ्गित पारेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिकसहित लाखौं व्यक्ति यसबाट प्रभावित भएका छन् । कैयौंले ज्यान गुमाएका छन् । घाइते तथा अपाङ्ग भएका छन् । यी दुवै युद्धबाट नेपाल समेत अछूतो रहेन सकेको छैन् । अर्कोतर्फ नेपालमा आर्थिक विकास भयो भनियो तै पनि मानिसहरूमा कुपोषण व्याप्त छ, औषधोपचार नपाउँदा अकालमा मर्नु परेको छ । भोक, रोग मान्छेको नियती बनेको छ । भय र अभावमा उनीहरू बाँच्न विवश छन् । यस्ता समस्याबाट समाजलाई मुक्त गर्न तथा न्यूनीकरण गर्ने प्रयासले सार्थकता पाउन सकेको छैन । जसले गर्दा जनताका गाँस, बास, कपासजस्ता आवश्यकताको परिपूर्ति गर्न सकिएको छैन । आर्थिक समस्या, सांस्कृतिक पहिचान र सामाजिक विचलनका जटिलतम पक्षहरू समाजमा दिनानुदिन सतहमा आइरहेका छन् । यी समस्याको अर्थ–राजनीतिक जड, संलग्न दोषी, समाधानको बाटो पहिल्याउनेमा मानव अधिकार आयोग बढी मात्रामा केन्द्रित हुनुपर्छ । कसैले पनि सम्मानजनक जीवन बाँच्न पाइनँ भनेर आँसु झार्न नपरोस् । यसर्थ सबैले समाजमा स्वतन्त्र र सम्मानजनक तरिकाले बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्न पाउन् । त्यसतर्फ सरकार र मानवअधिकारका क्षेत्रमा काम गर्ने निकायहरुको ध्यान जाओस् ।

## Opinion @ Social Network

दुःख त आफैसँग हुने साथी जिन्दगी एक संघर्ष हो
सुख भन्ने चिज आधिवेरी झै आउने पलभरको स्पर्श हो ।
*(विकास आले मगरको फेसबुक स्टाटस https://www.facebook.com/Bikash.A.mgr)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मिसन २०८४ को भ्रम केका लागि ?

**विष्णुप्रसाद खनाल**



*राजनीतिक दलहरू तथा राज्यको गतिविधि एकातिर नितान्त बेमौसमी बाजा जस्तो र अव्यावहारिक पनि देखिन्छ । देशको विकास गर्न मिसन ८४ ले किन छेक्यो ? देशमा काम गर्न नसक्ने अनि बहानाबाजी र सस्तो लोकप्रियताको नारा मिसन चौरासीको खासै अर्थ देखिँदैन । मिसन ८४ सम्ममा देशमा कति जनसंख्या बाँकी रहन्छ भन्ने सम्वेदनशील विषय हो । प्रत्येक दिन ३ देखि ४ हजारले देश छोड्ने गरेका छन् पनि देशको अवस्था झल्काउँछ । यही अनुपातमा युवा पलायन बढ्दै जाने हो भने अबको १० वर्षमा देश युवाविहीन बन्न सक्छ, त्यसका लागि राज्यले तत्काल कदम चाल्नुपर्नेमा निरिह बनेको देखिन्छ । बैठक, प्रतिवेदन, सर्कुलर भन्ने कार्य त राजनीतिक दलहरूको नियमित कार्य हो । निश्चित कार्यहरू तथा निर्णय हुन नसक्दा देशको विकासमा गति दिन सक्दैन । देशको आवश्यकता र जनचाहनानुसार काम गर्न काम २०८०/०८१ मै गर्ने हो भने मिसन चौरासीको झुटो खेती गरिरहनु पर्दैन ।*

आर्थिक रूपमा हेर्ने हो भने सरकारका विभिन्न निकायले जारी गरेका प्रतिवेदनहरू आफैं बोल्छन् । वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति ७.५० प्रतिशत रहेको छ । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८०/०८१ का प्रथम तीन महिनाको आर्थिक अवस्था हेर्ने हो भने आयात १.७ प्रतिशतले बढेको, निर्यात २.३ प्रतिशतले घटेको र कूल वस्तु व्यापार घाटा २.१ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३०.० प्रतिशतले र अमेरिकी डलरमा २५.९ प्रतिशतले बढेको छ । शोधनान्तर स्थिति ९९ अर्ब ७ करोडले बचतमा छ । कूल विदेशी विनिमय सञ्चिति १,६४३ अर्ब ९ करोड र अमेरिकी डलरमा १२ अर्ब ३३ करोड रहेको छ । नेपाल सरकारको खर्च २८० अर्ब ५७ करोड र राजस्व परिचालन २१९ अर्ब १२ करोड रुपैयाँ छ । विस्तृत मुद्राप्रदाय ३.१ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४.० प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन २.८ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा २.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ४.८ प्रतिशत छ । राजनीतिक अवस्थाको कुरा गर्ने हो भने राजनीतिक अस्थिरता अझै कायम छ चाहे त्यो संघीय तथा प्रदेश सरकारको कुरा नै किन नहोस् । यसलाई सुधार गर्नेतर्फ लाग्नुपर्ने देखिन्छ । देश राजनीतिक दलहरूले र जनप्रतिनिधिहरूले सञ्चालन गर्ने भए तापनि उनीहरूले आफ्नो राजनीतिलाई हावी बनाउन विभिन्न भ्रमको सहायता लिने गर्दछन् ।

विगतसँग तुलना गर्ने, वर्तमानमा केही नसक्ने तर भविष्यको आशा देखाउने प्रवृत्ति नेपाली राजनीतिमा कुनै नौलो होइन । कहिले सिंगापुर बनाउने, कहिले स्विटजरल्याण्ड बनाउने जस्ता आश्वास नभएका होइनन् तर बिस्तारै देशको अर्थतन्त्र तथा राज्यसंयन्त्र कमजोर बन्दै गएको अवस्थामा देश पुग्दै गर्दा केही राजनीतिक दलहरू मिसन ८४ को नाममा अभियान चलाइरहेका छन् । जनप्रतिनिधिहरूको निर्वाचन हुन अझै करिब करिब ४ वर्ष बाँकी अर्थात् अझै ४८ महिना बाँकी छ । राजनीतिक दल तथा राज्यले चाहने हो भने ४८ महिना भनेको धेरै समय हो । राजनीतिक दलहरू तथा राज्यको गतिविधि एकातिर नितान्त बेमौसमी बाजा जस्तो र अव्यावहारिक पनि देखिन्छ । देशको विकास गर्न मिसन ८४ ले किन छेक्यो ? देशमा काम गर्न नसक्ने अनि बहानाबाजी र सस्तो लोकप्रियताको नारा मिसन चौरासीको खासै अर्थ देखिँदैन । मिसन ८४ सम्ममा देशमा कति जनसंख्या बाँकी रहन्छ भन्ने सम्वेदनशील विषय हो । प्रत्येक दिन ३ देखि ४ हजारले देश छोड्ने गरेका छन् पनि देशको अवस्था झल्काउँछ । यही अनुपातमा युवा पलायन बढ्दै जाने हो भने अबको १० वर्षमा देश युवाविहीन बन्न सक्छ, त्यसका लागि राज्यले तत्काल कदम चाल्नुपर्नेमा निरिह बनेको देखिन्छ । बैठक, प्रतिवेदन, सर्कुलर भन्ने कार्य त राजनीतिक दलहरूको नियमित कार्य हो । निश्चित कार्यहरू तथा निर्णय हुन नसक्दा देशको विकासमा गति दिन सक्दैन । देशको आवश्यकता र जनचाहनानुसार काम गर्न काम २०८०/०८१ मै गर्ने हो भने मिसन चौरासीको झुटो खेती गरिरहनु पर्दैन । राजनीतिक दलहरूको तर्कमा खास गरी पार्टीमा योग्य, क्षमतायुक्त, इमानदार उम्मेदवारको दावेदारलाई भित्र्याउने र अगाडि बढाउने अभियान हुनसक्छ मिसन ८४ भनेको तर देश बनाउन चार वर्षको समय भनेको धेरै समय हो । त्यसले खास गरी नागरिकहरूलाई ललिपप देखाउने प्रवृत्तिमात्रै हो भनेर बुझ्न सकिन्छ । देश बनाउन स्वच्छ छवि, स्पष्ट भिजन भएको इमानदार, क्षमतावान मानिस आवश्यक पर्दछ तर आउँदो चार वर्षमा देश र जनताका लागि राम्रो काम गर्ने हो भने मिसन ८४ भनिरहनु आवश्यक पर्दैन । राजनीतिलाई जीवनयापनको माध्यम बनाउने प्रवृत्तिले जनता आजित भएका छन् ।

राजनीति पेशा नभई सेवा हो भन्ने कुरासमेत बुझाउन नसक्ने तर प्रचारवाजी प्रवृत्तिले निर्वाचनमा मत बढी आए पनि वा वास्तविक धरातलमा परिवर्तन नहुँदासम्म, जनताको स्तरमा, समाजको स्तरमा र देश विकासको गतिमा सुधार नभएसम्म परिवर्तन र विकासको अनुभूति गर्न सकिँदैन । विभिन्न माग राख्दै नागरिक सडकमा आइसके, सरकार स्वेच्छाचारी ढंगले अपराधीलाई खुल्ला छोड्ने निर्णय गर्छ, चलखेलमा अनेकौं इजाजत बाँड्छ, राज्यका महत्वपूर्ण पद भागबण्डामा दिन्छ, रोजगारी सिर्जना गर्ने योजना ल्याउँदैन जसका कारण दैनिक हजारौं मानिस देश छोडेर विदेश जाने प्रवृत्तिले विकराल समस्या निम्त्याउन सक्छ । अधिकांश नागरिकहरूले व्यवस्थाभन्दा अवस्थामा परिवर्तन खोजेका छन् । सत्ता प्राप्तिका खातिर तय गरिने मिसनहरूले केवल सत्ता प्राप्त तथा सरकारमा पुग्ने मार्गलाई इँटा थप्न सहयोग गर्ने भए पति जनताको जीवनस्तरमा सुधार गर्न सक्दैन भन्ने कुरा स्पष्ट हुन्छ । तर, हामीले बुझ्नुपर्ने कुरा के हो भने राज्य सञ्चालनका लागि कुनै मिसन चाँहिँदैन । के गर्नुपर्थ्यो र के गरियो भन्ने विषयलाई केलाउनु जरुरी देखिन्छ । पूर्वाधारको विकास अनुसारको उत्पादन हुन सकेन । प्राकृतिक विपत्तिमा पर्दा नागरिकहरूले राज्यको अनुभूति गर्न सकेनन् । नागरिकहरूले समयमा उद्धार नपाउँदा, राहत नपाएकै कारण चिसोबाट ज्यान गुमाउनु परेको छ ।

देशभित्र कतिपय काम आपत्कालीन र दीर्घकालीन हुन्छन् तर राज्यले आपत्कालीन, अल्पकालीन तथा दीर्घकालीन समस्यालाई पहिचान गर्न नसकेको दखिन्छ । कुन बेला कुन विषयलाई प्राथमिकता दिनुपर्ने हो कुन कार्यलाई समयमै सम्पन्न गर्नुपर्ने हो त्यस्ता विषय न राज्यले पहिचान गर्न सक्यो न ाजनीतिक दलहरूले नै । जसबाट हालको अवस्था सिर्जना भयो । ऐन बन्छन्, कार्यन्वयन हुँदैनन् । बिस्तारै वैदेशिक ऋण बढ्दै जान्छ । देशमा रोजगारी नभए पनि युवाहरू विदेशिन थाल्छन् । व्यावसायिक खेतीमार्फत हुने उत्पादनले बजार पाउन नसकेपछि किसान निराश बन्न थाल्छन् । देशमा उत्पादन हुने वस्तु तथा सेवाको लागतभन्दा विदेशमा उत्पादन हुने वस्तु, सेवाको लागत कम भएको कारण स्वदेशी उत्पदनमा गिरावट आउने र आयात उच्च हुँदै जान्छ । अल्पकालमा त्यसले टेवा पुगेपछि दीर्घकालमा त्यसले समस्या सिर्जना गर्दछ । यस्तो अवस्था निरन्तर रहिरफयो भने कुनै समय नेपाल उत्वादनविनाको देश अर्थात् पूर्णपरनिर्भर देश बन्न जाने भएकाले समयमै राज्य र राजनीतिक दलहरूले सोच्नुपर्ने देखिन्छ । अहिले खासगरी मिसन चौसरीको नाममा राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा एमालले अभियान सञ्चालन गरेका छन् तर उनीहरूको अन्तिम लक्ष्य सत्ता प्राप्तिमा पुगेर रोकिने हो भने त्यसले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । एकातिर प्रतिपक्ष मिसन ८४ भन्दै हिँडेका छन् भने सत्ता गठबन्धन दलहरूले खासगरी राष्ट्रिय सभालाई आफ्नो पक्षमा पार्न सहमति गर्ने तयारी गरेका छन् । जल्दोबल्दो विषयलाई सम्बोधन गर्न सकिएन भने त्यसको नतिजा आगामी निर्वाचनमा स्पष्ट देखिनेछ । तसर्थ निर्वाचनलक्षित मिसन बनाउनुभन्दा राम्रो तत्कालका जनताका समस्यालाई सम्बोधन गर्नु हो । शिक्षा, स्वाथ्य, रोजगारीजस्ता विषयलाई नजरअन्दाज गर्नु नै राजनीतिक दलहरूको ठूलो कमजोरी हो । नागरिकहरूमा आजभोलि निराशा चुलिँदै गएको छ । देशभित्र बसेर देशको विकास गर्नेभन्दा मुख्य कुरा विदेशमा पुगेर पारिवारिक गुजरा कसरी चलाउन सकिन्छ भन्ने विषयमा नागरिक सोच्न बाध्य छन् ।

संविधान तथा ऐन कानुन एकातिर र कार्यान्वयन अर्कैतिर, मौलिक अधिकारको समेत कार्यन्वयन नहुने विषयले पनि नागरिकमा निराशा बढ्दै गएको पाउन सकिन्छ । देशमा समस्या जटिल बन्दै गएका छन् तर राजनीतिक दलहरू चार वर्षपछिका कुरा गर्दैछन् । यो केवल जनतालाई भ्रमित गराउने कार्यमात्र हो । जब समाजले कृषिको युगमा प्रवेश गरेको थियो त्यस बेला औद्योगिकीकरणका सपना, पुँजीवादका सपना, समाजवादका सपना र साम्यवादका सपना देखाउन थालियो । जुन कुरा नागरिकलाई अहिलेको समयमा आवश्यक छैन । त्यो कुरा सतहमा ल्याउन केवल सत्ता प्राप्तिको खेलमात्रै हुन्छ । तसर्थ जनताको तत्कालको आवश्यकता, देशको समस्या, समकालीन मुद्दाका समस्या, ठगी, डकैती र तस्करीहरूको समस्या, भ्रष्टाचारको समस्या, नियमनको समस्या, सुशासनको समस्या जस्ता विषयलाई राज्य र राजनीतिक दलहरूले प्राथमिकताका साथ सम्बोधन गर्न सकेमा मात्र विभिन्न मिसनको आवश्यकता पर्दैन । निर्वाचनमार्फत जनताले उनीहरूलाई पुरस्कृत गर्छन् भन्ने कुरा सरकारका रहेका दलहरू र पक्ष विपक्षमा रहेका दलहरूले हेक्का राख्नु जरुरी देखिन्छ ।

***–इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान प्रतिष्ठामा वृद्धि होला । समाजिक कार्यमा मन जानेछ । | **तुला** : भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **वृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **वृश्चिक** : बन्न लागेको काम बिग्रिनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । | **धनु** : दैनिक कार्यमा प्रगति हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : आँटेको काम बिग्रनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **मकर** : शत्रुमाथि विजय प्राप्त हुन सक्छ । कृषिक्षेत्रका काममा मन जानेछ। |
| **सिंह** : आफन्तको प्रगतिमा मन रमाउने छ। विशिष्ट व्यक्तिको सहयोग पनि पाइनेछ। | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **कन्या** : लाभदायक योजना बन्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : सोचेजस्तो प्रगति गर्न धेरै समय दिनुपर्ला, तर मन्दिरको भ्रमण हुनसक्छ। |



# शिक्षित हुने सपना पछ्याउँदै विद्यालयमा पाका महिला



समाजमा शिक्षित कहलिनु पनि कसैका लागि ठूलो सपना हुन्छ । विभिन्न कारणले पढ्न नपाउने र पढाइ पूरा गर्न नभ्याउनेका लागि यही सपना साकार बनाउन सहयोगी बनेको छ, ललितपुर सातदोबाटोस्थित 'प्रेरणा महिला माध्यमिक विद्यालय' । जहाँ शिक्षित हुने सपना पूरा गर्दै छिन्, ७१ वर्षीया इन्द्रमाया आलेमगर । बुढेसकालमा झोला भरी पुस्तक, कापी र कलम बोकेर दिनहुँ विद्यालय पुग्नु उनको दैनिकी बनेको छ । कक्षा ११ मा पढ्दै गरेकी इन्द्रमाया यस विद्यालयमा कक्षा १ देखि नै अध्ययनरत छिन् । विद्यालय तेह्र वर्षभन्दा माथि उमेर समूहका महिलालाई लक्षित गरी स्थापना भएको हो । विद्यालयकी प्रधानाध्यापक प्रभा चालिसेका नजरमा इन्द्रमाया मेहनती र लगनशील छिन् । "यो उमेरमा पनि पढाइप्रतिको उहाँको लगाव लोभलाग्दो छ । एकदमै मेहनती र लगनशील पनि हुनुहुन्छ, सबै विषयमा प्राय: विशिष्ट श्रेणी ल्याउनुहुन्छ । कति पटक त उहाँलाई कक्षा 'जम्प' गराएका छौँ", चालिसेले भनिन् । इन्द्रमायालाई विद्यार्थी, शिक्षक र कर्मचारी सबैले आदरले आमा भनि सम्बोधन गर्छन् । इन्द्रमायाले पढ्ने र शिक्षित हुने धोको सानैदेखि कै भए पनि विभिन्न कारणले पढ्न नपाएको सुनाइन् । शिक्षित हुँदा समाजमा सम्मानित भएर बाँच्न पाइने लोभमा कक्षा १ मा विद्यालयमा भर्ना भएको उनको भनाइ छ ।

विद्यालयमा रोल्पाकी कुमारी महराले पढ्ने रहर पूरा गरिरहेकी छिन् । तत्कालीन द्वन्द्वको समयमा पढाइबीचमै छाडेकी उनले यतिबेला यस विद्यालयमार्फत पढाइ अगाडि बढाइरहेकी छिन् । "द्वन्द्व सकिँदासम्म पढ्ने उमेर घर्किसकेको थियो, आफूभन्दा सानासँग बसेर पढ्न मन लागेन", उनले भनिन्, "त्यो बेला छाडेको पढाइले यो विद्यालयका कारण अहिले निरन्तरता पाएको छ ।" विद्यालयकी प्रधानाध्यापक चालिसेका शब्दमा कुमारी पढ्नमा जेहेन्दार थिइन् । उनले एसइई प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि अहिले पद्मकन्या क्याम्पसबाट अंग्रेजी विषयमा स्नातकोत्तरको पढाइ पूरा गरिसकेकी छिन् । कुमारी अहिले मानवअधिकार आयोगमा अधिकृत पदमा जागिरे हुनुहुन्छ । इन्द्रमाया र कुमारीले जस्तै शिक्षित बन्ने सपना पछ्याउँदै विद्यालयमा आउने महिलाको संख्या ठूलो रहेको प्रधानाध्यापक चालिसेको भनाइ छ । काठमाडौँ तीनकुनेस्थित उत्प्रेरणा महिला माध्यमिक विद्यालयकी प्रधानाध्यापक सुमित्रा मैनालीले विद्यालयमा आउने महिलामा पढाइप्रतिको लगाव निकै ठूलो देखिने गरेको बताइन् । "भर्ना हुन आउने धेरै महिलामा कुनै इखले काम गरेजस्तो लाग्छ । कसैलाई पढाइ छुटेको पीडा छ त कसैलाई छोराछोरीले लगाएको बचनले काम गरेजस्तो लाग्छ", उनले भनिन्, "महिला साक्षर होइन कि शिक्षित बन्नुपर्छ भन्ने भावनाका साथ हामी अगाडि बढिरहेका छौँ ।" गट्ठाघरस्थित आस्था महिला विद्यालयकी संस्थापक प्रधानाध्यापक पार्वती ज्ञवालीले 'अधुरो शिक्षा पुरा गरौँ, आत्मनिर्भर बनौँ' भन्ने नाराका साथ ओझेलमा परेका महिलालाई शिक्षाको मूलधारमा ल्याउने प्रयास जारी रहेको बताइन् ।

**बैंकको काम र प्रविधि सिक्न विद्यालयसम्म**

प्रेरणा विद्यालयकी प्रधानाध्यापक चालिसेका अनुसार परिवारका सबै सदस्यलाई कार्यालय र विद्यालय पठाएर दिउँसोको खाली समय सदुपयोग गर्दै छुटेको पढाइ निरन्तरता दिने महिलाको संख्या ठूलो छ । "उहाँहरुमध्ये कतिपयका छोराछोरी विदेशमा हुनुहुन्छ, विदेशमा बसेकासँग कुराकानी गर्न समस्या भयो, मोबाइलका एपहरु चलाउन र इन्टरनेटमा खोज्न पनि जान्नुपर्ने भयो", उनले भनिन्, "यी सबै आवश्यकताले उहाँहरुलाई विद्यालयसम्म ल्याएको हो भन्ने लाग्छ ।" केही त अंग्रेजी सिक्ने उद्देश्यले पनि आउने गरेको उनको अनुभव छ । बैंकको काम गर्न, भौचर र चेक भर्न पनि समस्या हुने र अन्य प्रविधि नजान्दा पछि परिने समस्या धेरैको भएको उनको भनाइ छ । "उहाँहरुको आवश्यकतालाई ध्यान दिएर विद्यालयले कम्प्युटर शिक्षामा जोड दिएको छ, यसले उहाँहरुलाई प्रविधिबारे जान्न सहयोग गरेको छ", उनले भनिन्, "विद्यालयमा प्रोजेक्ट वर्क, साइन्स ल्याब पनि छन् । अंग्रेजी र गणितलगायतका सबै विषय पनि व्यवहारिक पद्धतिबाटै पठनपाठन हुँदै आएको छ ।"

**विद्यालय जहाँ स्वास्थ्य पनि शिक्षा पनि**

बढ्दो उमेरको महिलामा विभिन्न प्रकारका शारीरिक समस्या आउँछन् । तनाव र थकान हुनु स्वभाविक पनि हो । त्यही भएर उनीहरुलाई बेलाबेला शैक्षिक भ्रमणमा लैजाने गरिएको प्रधानाध्यापक चालिसेको भनाइ छ । "भक्तपुर, चाँगुनारायण, विभिन्न संग्रहालयमा लगेर त्यसबारे जानकारी लिन पाउँदा उनीहरु निकै खुशी छन् । यसबाट उहाँहरु चिन्तामुक्त भएको बताउनुहुन्छ", चालिसेले भनिन्, "दिनहुँ विद्यालय आएपछि पनि कतिपयले रोग र तनाव कम भएको सुनाउनुहुन्छ ।" त्यति मात्रै होइन, रोजगारीका लागि, जागिरे महिला बढुवाका लागि पनि यहाँ विद्यालयमा आउने गरेको प्रधानाध्यापक चालिसेको भनाइ छ । उनको विद्यालयमा हाल १३ वर्षदेखि ७१ वर्ष उमेर समूहका पाँच सयभन्दा बढी महिला विद्यार्थी हुन् । सातदोबाटोस्थित प्रेरणा महिला विद्यालयले हालै स्थापनाको रजत जयन्ती मनाएको छ । प्रेरणा प्रथम महिला विद्यालयका रुपमा स्थापना भए पनि हाल उपत्यकामा यस्ता विद्यालयको संख्या सात पुगेको छ । साथै बुटबल, तनहुँलगायतका जिल्लामा पनि यस्ता विद्यालय विस्तार भइरहेका छन् । पच्चिस वर्षअघि र अहिलेको समय धेरै अन्तर आएको प्रधानाध्यापक चालिसेको अनुवभ छ । "पहिले नपढेका महिलाको संख्या देशभरी नै धेरै थियो, तर यो संख्या दुर्गमका जिल्लामा बढी छ", उनले भनिन्, "कम उमेरका विद्यार्थी प्राय: बाहिर जिल्लाका हुनुहुन्छ भने पाको उमेरका महिलाको संख्या सहरी क्षेत्रमा अझै पनि छ ।" विद्यालयमा बिहान र दिउँसो गरी दुई सिफ्टमा अध्यापन भइरहेको छ ।

**पहिलो महिला विद्यालयको स्थापना**

महिला विद्यालयको स्थापना पछाडी चार जना महिलाको योगदान छ । तत्कालीन समयमा हालकी प्रधानाध्यापक प्रभा चालिसेका साथमा राधा तिमिल्सिना, जनक चालिसे र प्रमिला शर्मा संस्थापक हुन् । उनीहरुको परिकल्पनाकै कारण मुलुकमा पहिलोपटक महिला विद्यालयको स्थापना भएको थियो । जसको उद्देश्य विद्यालय शिक्षाभन्दा टाढा रहेका महिलालाई प्रौढ शिक्षाभन्दा पनि विद्यालय शिक्षा दिएर सक्षम बनाउनु थियो । सामाजिक कामा रुचि राख्ने उनीहरु विभिन्न कार्यक्रममा जाँदा एक कक्षा पनि नपढेका, पढाइ छुटेका महिलासँग भेट्ने गर्थे । जसको पढ्ने रहर पनि थियो । कतिपय त कक्षा १० मात्रै गर्न पाए हुन्थ्यो भन्ने पनि भेटिए । तिनै महिलाको रहरले उनीहरुलाई महिला विद्यालय स्थापनाका लागि घच्घचाएको थियो । त्यो बेला सरकारले सञ्चालन गरेको सामुदायिक विद्यालय प्रशस्त थिए । निजी विद्यालय पनि थिए । तर उमेर पुगेका महिलालाई साना बालबालिकासँग बसेर पढ्न अप्ठेरो र संकोच महशुस हुन्थ्यो । त्यही भएर पढ्न जान सकेकी थिइनन् । प्रधानाध्यापक चालिसे भन्छिन्, "त्यही बेला महिलाका लागि छुट्टै विद्यालय खोलौँ भन्ने लागेको हो । त्यसका जिल्ला शिक्षा कार्यालय ललितपुरका जिल्ला शिक्षा अधिकारीसँग सल्लाह गरेर विद्यालयका लागि स्वीकृति माग्यौँ । शिक्षा अधिकारीले, शिक्षा नियमावलीमा १४ वर्षभन्दा माथिका महिलालाई भनेर पढ्नका लागि कुनै पनि प्रावधान वा नीति नियम नबनेको बताउनुभयो । तर हाम्रो ठूलो आग्रहपछि एउटा विनियम बनाएर स्वीकृति दिनुभयो ।" सुरुमा उनीहरुले कक्षा ६ देखि १० कक्षासम्म सञ्चालन गरे । "हामी चारै जनाले रु ५० हजारका दरले रु दुई लाख लगानी गर्‍यौ । सुरुमा घर, कारखाना, गार्मेन्ट, बस स्ट्यान्डसम्म पुगेर महिलालाई पढ्नका लागि आग्रह गर्दै विद्यार्थी खोज्यौँ", उनले भनिन् । विद्यालयमा पहिलो वर्षमा २७ जना विद्यार्थी भर्ना भएका थिए । तर दोस्रो वर्षमा आइपुग्दा यो संख्या सातमा सीमित भयो । पछि कक्षा १ देखि नै पढाउन सुरु गरेपछि विद्यालय बढ्न थालेको उनको भनाइ छ । तर २०६२/६३ मा विद्यार्थी यति धेरै संख्यामा आए कि विद्यालयलाई थेग्नै समस्या हुने अवस्था आयो । "त्यतिबेला विद्यार्थी संख्या सात सय पुगेको थियो । २०६२ पछि द्वन्द्व प्रभावित विद्यार्थी धेरै आएका थिए", उनले भनिन् । अहिले पनि विद्यालयमा ७७ जिल्लाकै विद्यार्थी अध्ययनरत छन् । चालिसेका अनुसार २०७२ सालको भुँइचालोपछि विद्यार्थीहरु घटेका थिए तर पछि कतिले पुन: पढाइ सुरु गरे । प्रेरणा माध्यमिक विद्यालयबाट पहिलो एसएलसीको ब्याच २०५९ सालमा उत्तीर्ण गरेको हो । हालसम्म विद्यालयबाट पाँच सय २२ जनाले कक्ष १० उत्तीर्ण गरिसकेका छन् । विद्यालय सञ्चालन भएको तीन वर्षभित्र नै कक्षा १ देखि ५ सम्म थपियो । हाल १ कक्षादेखि १२ सम्मका कक्षा सञ्चालन भइरहेका छन् । संस्थापक प्रमिला शर्मा अहिले पनि शिक्षक छिन् र उनले विद्यालयको दिउँसोको सिफ्टको जिम्मेवारी सम्हालेकी छिन् ।

**छैन सजिलो पढाउन**

प्रधानाध्यापक चालिसेको अनुसार पाको उमेरका महिलालाई पढाउन निकै गाह्रो छ । "बालबालिका एक/दुई पटक भनेपछि प्राय: टिप्छन् तर बढी उमेरमा बारम्बार अभ्यास गराउनुपर्छ । उहाँहरुलाई पढाउन झर्को नमानी पढाउनुपर्छ", उनले भनिन् । उनले महिला विद्यालयका शिक्षकका लागि सरकारले तालिमसमेत दिएको बताइन् । विद्यालयमा सबै विषयका विषय शिक्षक छन् । विद्यार्थीबाट उठेको शुल्कबाट नै विद्यालय सञ्चालन भइरहेको चालिसे बताउँछन् । यसका साथै जिल्ला शिक्षा कार्यालयबाट अनौपचारिक शिक्षाका नाममा केही रकम विनियोजन हुने गरेको छ । ***-रासस***

# उच्च शिक्षा सुधारको बाटो

**नारायणप्रसाद भण्डारी**

राज्यले आशा जगाउन सकेन कि मानिसहरू बढी महत्वाकांक्षी भए खै ? देशमा हाल एउटा असमञ्जसपूर्ण अवस्थाको आभास हुन्छ । न समाज, न सामाजिक संरचनाहरूह न मानिस, न मानिसका दैनन्दिनहरूह न व्यापार, न वाणिज्यह न शिक्षा, न स्वास्थ्य चल्नुपर्ने जसरी केही चलेको जस्तै लाग्दैन । जता गयो निराशा नै अभिव्यक्त भइरहेको सुनिन्छ । बिग्रियो, भत्कियो, सकियो जस्ता शब्दहरू मानिसका मुखारवृन्दमा आम लाग्दछ । लेखक आशा जगाउने मानिसहरू बीच नपुगेको पनि हुनसक्छ । देशको गति ठीक भएन कि ? मानिसको मति ठीक भएन ? यकिन जवाफ दिने कोही छैन । मूल प्रवाहका राजनीतिक दलहरूलाई सुन्दा लाग्दछः सबै ठीकठाक नै त रहेछ । फेरि वैकल्पिक धारमा उदाउँदै गरेकाहरूलाई सुनौं: बिग्रिन बाँकी के नै पो रहेछ । राजनीतिक धारहरू जस्तै, विचार निर्माणकर्ताहरू ( बुद्धिजीवी, सामाजिक अगुवा, पत्रकार आदि) पनि विभक्त भएको देखिन्छ, जसले आफ्नो राजनीतिक आस्था अनुकूलकै धारणा सम्प्रेषण गरिरहेछन् । मझधारमा बसेर जनतालाई वास्तविकता बताइदिने कोही भएन । कोही मझधारमा बसोस् पनि किन ? कोही कसैले राजनीतिक बहिष्करणमा पर्ने जोखिम मोलोस् पनि किन ? जोखिम मोल्नेहरूको हविगत उनीहरूले आफ्नै आँखा अगाडि देखिरहेका जो छन् !

अन्य क्षेत्रका बारेमा लेखकको धारणा देखेको, सुनेको, पढेको र आफ्नो विश्लेषण क्षमताको आधारमा बन्ने हो तर उच्च शिक्षा भने लेखकको आफ्नै कार्यक्षेत्र भएकाले उल्लिखित बाहेक अनुभवहरू समेत विचार निर्माणमा समाहित छन् । र, नेपालको उच्च शिक्षा हाल चौबाटोमा छ । पहिले जहाँ उच्च शिक्षा थियो, त्यहाँ एउटै बाटो थियो । र त, दिशा निर्देशित थियो (भलै पूर्ण थिएन) । अहिले उच्च शिक्षालाई केन्द्रमा पारेर वरपर बाटै बाटा बने । सामान्यत: आफू केन्द्रमा पर्दा अवसरहरू नै अधिक हुने हो । तर अवसर त्यतिबेला मात्र अर्थपूर्ण हुने रहेछ, जतिबेला त्यसको उपयोग हुन्छ । बेलैमा उपयोग नभएका अवसरहरू केवल खेर जाने मात्र पनि होइन रहेछ, समयक्रममा आफ्नै लागि संकटको रूपमा रूपान्तरित पनि हुने रहेछन् । प्राप्त अवसरहरू खेर फाल्दै जाँदा नेपालको उच्च शिक्षा हाल तीव्र रूपमा संकटोन्मुख छ । संकटका बाछिटाहरूले हाम्रा उच्च शैक्षिक संस्थाहरूलाई घायल र त्रसित बनाउँदै लगेको छ ।

**वर्तमान स्थिति**

एक समय थियो, त्रिभुवन विश्वविद्यालय केवल देशको धरोहरमा मात्र सीमित थिएन, दक्षिणएसिया र एसियामै गिनेचुने मध्येको एक उच्च शैक्षिक केन्द्र थियो । आजपर्यन्त पनि देशका राजनीतिक, आर्थिक, सामाजिक लगायत विभिन्न मोर्चाको नेतृत्व यही विश्वविद्यालयका उत्पादनहरूले गरिरहेछन् । यही विश्वविद्यालयका उत्पादनहरूले अन्तर्राष्ट्रिय रूपमै पनि प्रतिस्पर्धा गरिरहेका छन् र आफ्नो विशिष्ट पहिचान बनाएका पनि छन् । तर उत्पादनको त्यो गहकिलो पुस्ता निख्रिँदै जाँदैछ र अगाडि आउँदैछ भाइरल पुस्ता । जसमा धैर्य, समस्या पहिचान गर्ने र सामयिक रूपमा विश्लेषण गर्ने क्षमता तथा समस्या समाधान गर्ने गाम्भीर्यको सर्वथा अभाव छ । जो भाइरल पुस्ता आउँदैछ, त्यसले सामाजिक सञ्जालका भित्ताहरूमा भिन्नै परिचय बनाउनेछ र कर्मक्षेत्रमा भिन्नै । करिब दुई महिना अगाडि विश्वविद्यालय अनुदान आयोगमा गृहमन्त्री र शिक्षामन्त्री समेतको उपस्थितिमा देशका ११ विश्वविद्यालयका उपकुलपति सहभागी भई बैठक बसेको थियो, जहाँ विश्वविद्यालयहरूमा देखिएको सुरक्षा चुनौतीको विषयमा छलफल भएको थियो । स्रोतका अनुसार, त्यहाँ धारणा राख्ने ११ उपकुलपतिमध्ये १० जनाले आफू आफ्नै विश्वविद्यालयका विद्यार्थीबाट असुरक्षित रहेको ब्रिफिङ गरेका थिए । धन्य हो नेपाल खुला विश्वविद्यालय, जहाँ विद्यार्थीको भौतिक उपस्थिति खासै हुँदैन र संगठित हुन पाउँदैनन् । नत्र त्यहाँका पदाधिकारीहरूले पनि सायद उस्तै ब्रिफिङ गर्नुपर्ने थियो । अवस्था यस्तै रहे, आजका यिनै भाइरल विद्यार्थीले विना कुनै ग्लानि भोलि हाम्रो विश्वविद्यालयहरूको नेतृत्व गर्नेछन् । देशमा हाल केन्द्रीय र प्रादेशिक गरी कम्तीमा १५ विश्वविद्यालय र सो अन्तर्गत आंगिक, सामुदायिक र निजी गरी १ हजार ४५५ क्याम्पस/कलेज सञ्चालनमा रहेका छन् । त्यसैगरी ५७ कलेजहरू विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित छन् । विश्वविद्यालय अनुदान आयोगले प्रकाशन गरेको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ मा नेपाली विश्वविद्यालय तथा क्याम्पस/ कलेजहरूमा ५ लाख ७९ हजार ४८८ विद्यार्थी अध्ययनरत थिए (यद्यपि यो संख्या सो वर्षहरूमा कोरोना कहरका कारण समयमै परीक्षा हुन नसक्दा खप्टिएका विद्यार्थीको संख्या समेत जोडिएको कारण बढेको हो । अघिल्लो आव २०७७/७८ मा त्यस्तो संख्या ४ लाख ६० हजार ८२६ थियो) । उता विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा २२ हजार ३३५ विद्यार्थी अध्ययनरत रहेका छन् । यस हिसाबले हेर्दा एउटा क्याम्पसमा आव २०७७/७८ मा ३२० तथा २०७८/९ मा ३९८ विद्यार्थी भर्ना भएका थिए । विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा भने सोही आवहरूमा क्रमशः ३४२ र ३९१ विद्यार्थी भर्ना भएका थिए । उता युनेस्कोको प्रतिवेदन अनुसार सन् २०२२ मा मात्र ९५ हजार २८६ नेपाली विद्यार्थी अध्ययनका लागि विदेशिए, जुन संख्या सन् २०१७ मा ४४ हजार २५५ थियो । बाहिरिनेमध्ये प्लस टु मात्र सिध्याएका विद्यार्थीको संख्या करिब ८० प्रतिशत छ ।

राष्ट्र बैंकको प्रतिवेदन अनुसार आ.व.२०७९/८० मा वैदेशिक अध्ययन प्रयोजनका लागि करीब १ खर्ब २४ अर्ब रुपैयाँ बाहिरिएको छ, जुन रकम अघिल्लो आर्थिक वर्षमा करीब ६८ अर्ब रुपैयाँ थियो । रोचक हुन सक्छ, सरकारले आव २०७९/८० मा सम्पूर्ण शिक्षाको लागि १ खर्ब ९७ अर्ब बजेट छुट्याएको छ र जसमध्ये उच्च शिक्षाका लागि करीब १८ अर्ब । अर्थात्, विद्यार्थीले अघिल्लो आवमा जति रकम बाहिर लगे, त्यसको करिब १२.५ प्रतिशत । विद्यार्थी किन बाहिर गइरहेछन् ? संभवत: जवाफ सबैको मुखमा कण्ठै छ : शैक्षिक क्यालेण्डर कार्यान्वयनको दयनीय अवस्था, शैक्षिक संस्थामा हुने अति राजनीति, रोजगारीको अनिश्चितता, कमजोर भौतिक संरचना, समय सुहाउँदो शैक्षिक सामग्रीको अभाव, गुणस्तर माथिको प्रश्न आदित्यादि । सत्य हो, नेपाली उच्च शिक्षाले विद्यार्थीलाई विश्वासमा लिन सकेन, समयको पदचापलाई पछ्याउन सकेन, शैक्षिक आयामहरूमा भइरहेको परिवर्तनलाई आत्मसात् गर्न सकेन । बरु घरी चौबाटोमा गतिहीन भएर ठिंग उभियो, कहिले जहाँको त्यहीं फन्को लगायो र गति प्राप्त भएको भ्रममा रुमल्लियो । तर पाइला सरेन । अनि सर्‍यो विद्यार्थीका पाइलाहरू । अहिले त पाइला सार्ने प्रवृत्ति यति गहिरो भयो कि, सन्तान नविदेशिए अभिभावकलाई समाजमा मुखै देखाउन गाह्रो भए जस्तोह समाजबाटै बहिष्कृत भए जस्तो । स्वदेशमै बस्नेहरू त नालायक भएर बसे जस्तोह स्वदेशमै परिश्रम गरेर घरको मिठो(मसिनो खानेहरू त पाखे जस्तो । अहो, राज्य र समाज दुवै मिलेर जान अञ्जानवश: हुर्काउँदै गरेको विद्यार्थी लखेट्ने यो प्रवृत्ति संस्कार नै पो बन्ने हो कि !? आजको परिस्थिति कसरी आयो ? यसमा सैद्धान्तिक र व्यावहारिक दुवै कारण छन् । उच्च शिक्षा कसका लागि ? सबैका लागि वा आर्जन गर्न चाहने योग्यहरूका लागि ? राज्यको भूमिका कस्तो ? प्रत्यक्ष, परोक्ष वा निरपेक्ष ? लगानी कसको ? राज्यको वा विद्यार्थी स्वयंको ? उच्च शिक्षा आर्जन पछि राज्यको भूमिका के ? रोजगारीको सुनिश्चितता वा रमिते ? मोडालिटी कस्तो ? आजकै जस्तो सम्बन्धन प्रधान वा उपाधि प्रदान गर्न सक्ने मानित विश्वविद्यालयहरूको प्रधानता ? यी सैद्धान्तिक प्रश्नहरूमा एउटा बाटो तय नगरी उच्च शिक्षाको आजको अलमल निरुपण हुँदैन । नि:सन्देह राष्ट्रिय शिक्षा नीति-२०७६ ले कतिपय प्रश्नको जवाफ दिने प्रयास गरेको छ तर सो नीति कार्यान्वयनका लागि आवश्यक ऐनको मस्यौदाले वर्षौंदेखि शिक्षा-कानून-अर्थ मन्त्रालयहरूमा चक्कर काटिरहेको छ । ऐन आउने त कहिले कहिले ! अर्कोतर्फ विश्वविद्यालय अनुदान आयोगले तय भएका नीतिहरू कार्यान्वयनमा ल्याउनका लागि लिइरहेको कतिपय पहलकदमीमा तिनै मन्त्रालयहरूले छेकबार लगाइरहेका छन् । समस्या जटिल बनिसक्दा पनि निर्णयहरू फुर्सदिलो तरिकाले लिने परम्परागत अभ्यासको निरन्तरता वास्तवमै उदेकलाग्दो हो । कति भएपछि अति हुने हो, टुंगो छैन ।

विश्वविद्यालय अनुदान आयोग भन्छ- भएका १५०० क्याम्पसमध्ये करीब ८०० मा २०० भन्दा कम विद्यार्थी अध्ययनरत छन् । क्याम्पसहरू भन्छन् : विद्यार्थी संख्या झनै घट्दो छ । जति छन् ती पनि संक्रमणकालीन विद्यार्थी छन्, जो वैदेशिक अध्ययन वा रोजगारीको लागि 'रनिङ लेटर' लिएर बसेका छन् । विश्वविद्यालय होस् वा क्याम्पसहरू, आर्थिक अवस्था दयनीय बन्दै गइरहेको छ । विद्यार्थीले शुल्क तिरिरहेका छैनन्, अध्यापक तथा कर्मचारीहरूले महिनौंदेखि तलब पाएका छैनन् । भन्दा उच्च शैक्षिक संस्था भनिएको छ तर वास्तविकता 'ट्युसन सेन्टर' जस्तो छ । बिहान ६ बजे खुल्ने, ९ बजे बन्द हुने । त्यस्तोमा के गुणस्तर, के अनुसन्धान ! संस्थाहरूमा धेरै कुरा सकिँदै सकिँदै गए पनि एक चिज भरिलो छ- त्यो हो, स्वियू । जो खाडल थप गहिर्‍याउन उद्यत छ : तालाबन्दी गर्न, त्रास देखाउन, कनीकुथी उठ्ने शुल्क घटाउन, भागबन्डामा भाग खोज्न र साँच्चिकै अध्ययन गर्नका लागि भर्ना भएकाहरूको पढ्न पाउने अधिकार हनन् गर्न । संविधानमा उच्च शिक्षाको अधिकार केन्द्र सरकार र प्रादेशिक सरकार बीच बाँडफाँट गरिएको छ र अधिकारको उपयोग केवल नयाँ विश्वविद्यालय स्थापनाको होडबाजीमा सीमित छ । नयाँ खोलिनु समस्या होइन, समस्या त नयाँपन नहुनुमा हो । न नयाँ उद्देश्य, न नयाँ कार्यक्रम, न नयाँ तौरतरिका, न उपाधि र रोजगार बजारको माग बीच सन्तुलन, न स्थायित्वको सुनिश्चितता । फगत राजनीतिक स्टन्टबाजी । अर्कोतर्फ केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार तीनै तहले उच्च शिक्षामा धेरथोर लगानी गरेका छन् । यस हिसाबमा उच्च शिक्षामा यकिन लगानी कति भएको छ, राज्यलाई नै थाहा छैन । जसले लगानी गरे पनि फेरि, लगानीको जोड करीब एउटै छ- भौतिक संरचनाको निर्माण । अनुसन्धान, नवप्रवर्तन, सीप विकास, उद्यमशीलताको विकास लगायत कार्य गरी गुणस्तर सुनिश्चित गर्नका खातिर लगानी विस्तार गर्न भने हिचकिचाहट (यद्यपि विश्वविद्यालय अनुदान आयोगले यस कार्यमा केही लगानी गरेको छ) । जुनसुकै सरकारी तहबाट लगानी होस्, उच्च शिक्षालाई राज्यको भरथेग अवश्य पनि राम्रो हो । तर सो लगानी विविधतायुक्त र परिणाममूलक हुनुका साथै प्राथमिकतापूर्ण हुनु पनि जरूरी छ ।

***-अनलाइन खबर डटकम***

# छुट्टाछुट्टै सवारी दुर्घटनामा ८ को मृत्यु



**पाल्पा,** मंसिर २४/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ८ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही, अर्घाखाँची, चितवन, मकवानपुर र कैलाली जिल्लामा भएका छुट्टाछुट्टै दुर्घटनामा ८ जनाको मृत्यु भएको हो ।

रूपन्देही ओमसतिया गाउँपालिका-४ बसन्तपुरमा कारको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । बा.प्र ०१२८ च ३५५६ नम्बरको कारको ठक्करबाट साइकलयात्री सोही गाउँपालिका-४ पननिका ४५ वर्षीय रामदरस हरिजनको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै अर्घाखाँचीको सितगंगा नगरपलिका-८ सातमारामा ट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । ना.६ ख २७३९ नम्बरको गिट्टी लोड भएको ट्रक दुर्घटना हुँदा २ जनाको मृत्यु भएको हो । मृत्यु हुनेहरुमा ट्रक चालक नवलपरासी पश्चिम रामग्राम नगरपालिका-१८ का ३१ वर्षीय सञ्जय थारू र सह-चालक रूपन्देही सियारी गाउँपालिका-२ बगदरीकी २३ वर्षीय भोला कुर्मी रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका सञ्जय थारूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भोला कुर्मीको स्वास्थ्य चौकी भालुवाङ दाङमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ट्रक करिब २० मिटर तल खस्न पुगेको थियो । यस्तै कैलालीको गोदावरी नगरपालिका-८ स्याउलेमा अटो दुर्घटना हुँदा चालकको ज्यान गएको छ । सु.प.प्र. ०१ ००१ ह ३४८४ नम्बरको अटो दुर्घटना हुँदा चालक सोही नगरपालिका-९ सेहरीका ३५ वर्षीय चक्र सार्कीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । चितवनको माडी नगरपालिका-१ बरुवामा बोलेरोले मोटरसाइकलाई ठक्कर दिदाँ दुई जनाको मृत्यु भएको छ । लु.२ च २५०८ नम्बरको बोलेरोले बा.प्र०६-००१ प ४०९३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा २ जनाको मृत्यु भएको हो । मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सोही ठाउँका ३४ वर्षीय सूर्य अधिकारी र मोटरसाइकलमा सवार सोही ठाउँका ३४ वर्षीय बेग खत्री रहेका छन् । ठक्करबाट गम्भीर घाइते भएका अधिकारीको नयाँ मेडिकल कलेज भरतपुर र खत्रीको बघौडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते भएका मोटरसाइकलमा सवार अन्य १ जनाको उपचारको लागि पुरानो मेडिकल कलेज भरतपुरमा रिफर गरिएको छ । बलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी चितवनको खैरहनी नगरपालिका-१० सिदार्थ चोकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ना.३४ प ९९९६ नम्बरको मोटरसाइकल सडक छेउको विद्युतको पोलमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-२ का २५ वर्षीय मनिष भट्टराईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरी समाचार कक्षले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङमा बस र मोटरसाईकल एक -आपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो । बा.४ ख ८७७३ नम्बरको बस र बा.६५ प ४१७३ नम्बरको मोटरसाइकल एक-आपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-१० का ३० वर्षीय मनोज गमालको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको ट्रमा सेन्टर काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकलमा सवार अर्का १ जना घाइतेलाई उपचारको लागि मनमोहन अस्पताल काठमाडौं पठाइएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सबै घटनाको विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# आज अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइँदै

**पाल्पा,** मंसिर २४/जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण पर्वतीय क्षेत्रमा परेको असर न्यूनीकरणप्रति जनचेतना जगाउने उद्देश्यले आज अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइँदैछ । संयुक्त राष्ट्रसंघीय पर्यटन संगठनको आह्वानमा हरेक वर्ष डिसेम्वर ११ अर्थात आजकै दिनमा यो दिवस मनाइँदै आइएको हो ।


दिवसका अवसरमा पर्यटनसँग सम्बन्धित संघसंस्था तथा समूहहरुको आयोजनामा विभिनन्न कार्यक्रम आयोजना हुँदैछन् । हरेक वर्ष आजकै दिन (११ डिसेम्बर) मनाइने यो दिवस विश्वसामुयी महत्वपूर्ण तर उपेक्षित क्षेत्रको सम्मान गर्न आह्वान गर्ने दिन पनि हो । विश्वको सर्वोच्च शिखर सगरमाथा सहितको चुचुराका कारण चिनिएको नेपालमा हिमालहरु पग्लिदै गएको विषय प्रति सरोकार वालाहरुले चिन्ता ब्यक्त गरेका छन् । हिंउ पग्लिएर बनेका हिम पोखरी, कुण्डहरु फुट्ने जोखिम पनि उत्तिकै रहेको छ । जलवायु परिवर्तनका कारण हिउँ पग्लिदा हिमालहरुको अस्तित्व खतरामा परेको आरोहीहरु बताउँछन् । त्यस्तै सरकारले पर्वतारोहीहरुको उचित अनुगमन गर्न नसक्दा हिमालहरु फोहोर बन्दै गएको र पर्यावरणीय प्रदुषण बढ्दै गएको वातावरणविद्हरुको भनाई छ । पृथ्वीको २५ प्रतिशत भू-भाग पर्वतीय क्षेत्रले ओगटेको छ । विश्वको कुल जनसंख्याको करिब २० प्रतिशत मानिस यसै क्षेत्रमा बसोवास गर्छन् । पर्वतारोहणका क्रममा बढ्दो फोहोर, हिमाली क्षेत्रमा बढ्दो जनघनत्वले समेत उत्तिकै असर परिरहेको छ । हिमाल बचाउनका लागि अन्तर्राष्ट्रिय समुदायलाई समेत आह्वान गरेको छ । दुबईमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८) मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव जातिलाई जोगाउनका लागि हिमाल जोगाउनुपर्ने भएकाले हिमाल बचाउने अभियानमा अन्तर्राष्ट्रिय समुदाय नै एक भएर लाग्न आग्रह गरेका थिए । उनले हामीलाई बचाउन हाम्रो हिमालहरु बचाउनुपर्नेमा उनले जोड दिएका थिए । प्रधानमन्त्री प्रचण्डले विश्वका नेताहरुले हिमाल र हिमाली जनताको दिगो भविष्यको रक्षा गर्न एकसाथ हिँड्नुपर्ने आवश्यक्ता पनि औंलयाएका थिए । उनले नेपालले जलवायु परिवर्तनका कारण परेको असर न्यूनीकरणका लागि विगतमा गरिएका निर्णय तथा प्रतिबद्धताहरु कार्यान्वयन गरेर अघि बढ्नुपर्ने पनि स्पष्ट पारे छन् ।

# छाला नहुँदा मादल...

...विकासले पनि १४ वर्षदेखि मादल बनाउन सिकेको बताए । अहिले पदमसहित परिवारका चार-पाँच जनाले यही पेसालाई निरन्तरता दिई आम्दानी गर्दै आइरहेका छन् । मादल बनाउन पहिला भीडभाड हुने गरेको स्मरण गर्दै पदमले भने, 'अहिले त छालाको अभाव एकातिर छ भने अर्कोतिर साउण्ड सिस्टम तथा स्पिकरले यस पेसालाई चुनौती दिइरहेको छ ।' मादलका लागि आवश्यक पर्ने उत्तिस तथा कटहरका काठ र बारुद धादिङका गाउँबाट ल्याउने गरेको र यसबाट ढोलकी, दमाहा, ट्याम्को, ढ्याग्रो, खैंजडी, तन्दुर र नेवार समुदायले प्रयोग गर्ने खिनलगायत सानादेखि ठूला मादल बन्ने गरेको छ । सानोमा एक हजार आठसयदेखि ठूलोमा बीस हजारसम्म पर्ने मादल यहाँ छन् । यहाँ उत्पादन भएको मादल पाल्पा, बुटवल, पोखरा, बागलुङका साथै अमेरिका, अष्ट्रेलिया, जापानमा पुग्ने गरेको छ । 'हाम्रो पेसामा अहिले देखिएको मुख्य समस्या भनेकै गाई-गोरुको छाला हो' पदमले भने, 'विशेष गरी दमाहाका लागि र तुना बनाउन गाई -गोरुको छाला नभइ हुँदैन, त्यो पाइदैन, नपाउँदा नयाँ बनाउन वा मर्मत गर्न पनि सकस परेको छ ।' *-रासस*

## खेलकुद समाचार

# पहिलो स्थानमा फर्कियो इन्टर मिलान



**काठमाडौं,** मंसिर २४/इन्टर मिलान इटालियन सिरिए तालिकाको पहिलो स्थानमा फर्किएको छ । इन्टर मिलान शनिबार राति सम्पन्न खेलमा युडिनेसलाई ४–० गोलको ठूलोअन्तरले हराउँदै सिरिए तालिकाको पहिलो स्थानमा फर्किएको हो ।

खेलको पहिलो हाफमा तीन गोल गरेको इन्टर मिलानले दोस्रो हाफमा पनि एक गोल थपेको थियो । एकपक्षीय खेलको ३७औं मिनेटमा टर्कीकाका मिडफिल्डर हकानले इन्टर मिलानका लागि पहिलो गोल गरेका थिए । यसैगरी निर्धारित समयको ४२औं मिनेटमा फेड्रिको डिमार्कोले इन्टर मिलानको अग्रतालाई दोब्बर बनाएका थिए । ४४औं मिनेटमा मार्कुस थुरमले गोल थपेपछि खेलको पहिलो हाफमै इन्टर मिलान ३–० गोलले अगाडि बढेको थियो । निर्धारित समयको खेल सकिनुभन्दा ६ मिनेटअघि लाउटारो मार्टिनेजले इन्टर मिलानका लागि चौथो गोल गरेका थिए । मार्टिनेजले जारी सिजनको लिगमा गरेको यो १४औं गोल हो । जारी सिजनको लिगमा हालसम्म १५ खेल खेलेको इन्टर मिलान ३८ अंकसहित तालिकाको पहिलो स्थानमा छ । इन्टर मिलानले जारी सिजनको लिगमा हालसम्म १२ जित, दुई बराबरी र एक हारको नतिजा निकालेको छ । युभेन्ट्स ३६ अंकसहित तालिकाको दोस्रो स्थानमा छ । युभेन्ट्सले ११ जित, तीन बराबरी र एक हारको नतिजा निकालेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा ६ प्रतिशतको वृद्धि



**पाल्पा,** मंसिर २५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ६ प्रतिशतको वृद्धि भएसँगै कारोबार बन्द भएको छ । आइतबारको कारोबार पछि परिसूचक एक सय ११ दशमलव २० अंकले बढेर एक हजार नौ सय ६३ दशमलव ९८ को विन्दुमा कायम भएको हो ।

आइतबार बिहान ११ बजेर पाँच मिनेटमा नेप्से परिसूचकमा चार प्रतिशतको वृद्धि अर्थात् पहिलो सकारात्मक सर्किट लागेसँगै २० मिनेटका लागि कारोबार रोकिएको थियो । ११ बजेर २५ मिनेटमा कारोबार खुलेको दुई मिनेटमै दोस्रोपटक सकारात्मक सर्किट लागेको थियो । परिसूचकमा पाँच प्रतिशतको वृद्धि देखिएपछि ४० मिनेटका लागि कारोबार रोकिएको थियो । त्यस्तै, नेप्से परिसूचकमा १२ बजेर ७ मिनेटमा छ प्रतिशतको वृद्धि अर्थात् तेस्रोपटक सकारात्मक सर्किट लागेपछि दिनभरिको कारोबार स्थगित गरिएको हो । हाल कार्यान्वयनमा रहेको 'सर्किट ब्रेक' सम्बन्धी व्यवस्थाअनुसार कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक ४ प्रतिशतले घटे वा बढेमा २० मिनेटसम्म कारोबार बन्द गर्ने व्यवस्था छ । त्यस्तै, दोस्रो घण्टामा ५ प्रतिशतले घटे वा बढेमा ४० मिनेट र तेस्रो घण्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगन हुने व्यवस्था छ । सो व्यवस्थाअनुसार आइतबारको कारोबारमा छ प्रतिशतको वृद्धि देखिएसँगै दिनभरिका लागि कारोबार स्थगन गरिएको नेप्सेका सूचना अधिकारी मुराहरि पराजुलीले जानकारी दिए ।

दुई सय ४४ कम्पनीको १३ लाख ६७ हजार छ सय १५ कित्ता शेयर सात हजार १४ पटक खरिदबिक्री हुँदा रू ४८ करोड २४ लाख ८२ हजार दुई सय ३९ बराबरको कारोबार भएको छ । रिलायन्स फाइनान्स लिमिटेड, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, राप्ती हाइड्रो एन्ड जेनरल कन्स्ट्रक्सन कम्पनी लिमिटेड, शुभम् पावर लिमिटेड र कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई